मिति २०८१/०६/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

सैनामैना नगरपालिका वडा नं. १ मा सञ्चालित श्री सैनामैना पर्रोहा परमेश्वर मा.वि. को नमूना विद्यालय सञ्चालन अनुदान कार्यक्रम अन्तर्गत यस आ.व. मा संघीय सरकारबाट श्री पर्रोहा परमेश्वर मा.वि. गत आ.व. मा भौतिक निर्माणमा कार्य सम्पन्न भइ भुक्तानी बाँकी रकम अनुदान शिर्षकमा विनियोजन भइ आएको रु ५१०००००। बजेटबाट उक्त योजनाको भुक्तानी गर्नुपर्ने रकम विद्यालयले आफ्नो आन्तरिक श्रोतबाट भुक्तानी गरिसकेकोले उक्त रकमबाट सोही विद्यालयको थप पूर्वाधार निर्माण गर्न अनुमती दिने निर्णय गरियो ।

## निर्णय नं. २

सैनामैना नगरपालिका वडा नं. १० एकला पहाडमा निर्माण गरिने एकिकृत फोहोरमैला प्रशोधन केन्द्रको लागि बहुवर्षिय योजना सञ्चालन हुने गरी डि.पि.आर बमोजिमको लागतमा नगरपालिकाबाट नियमित बजेट विनियोजनको सुनिश्चितता गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

सैनामैना उद्योग बाणिज्य संघ रुपन्देहीले यस वर्षको दशैं सस्तो बजारको लागि रकम माग गरेकोमा मुर्गिया कलौनी र सालझण्डी गरी तीन स्थानमा सञ्चालन गर्ने गरी नगर योजना पुस्तिकाको सि.नं. ८४ अन्तर्गत मागमा आधारित विभिन्न कार्यक्रम सञ्चालन शिर्षकबाट रु १०००००।उक्त संस्थालाई उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ४

करदाता शिक्षा तथा कर परामर्श कार्यक्रमको लागि सैनामैना व्यापार संघ रुपन्देहीलई रु ५००००। सामाजिक सहायता शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०६/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. ५

सैनामैना नगरपालिकाको दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई दिँदै आएको प्रोत्साहन सुविधा सैनामैना नगरपालिका वा अन्तर्गत कार्यरत स्वास्थ्य सेवाका स्थायी कर्मचारीहरुलाई समेत उपलव्ध गराउने निर्णय गरियो ।साथै राष्ट्रिय परिचयपत्रको काममा खटिएका तपसिलका कर्मचारीलाई नायव सुव्वाको सुरु तलव स्केलको १० प्रतिशत रकम थप सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

१. विवरण दर्ता अपरेटर अनिता पन्थ ३ महिनाको १० प्रतिशत
२. रुजु अधिकारी शालिकराम रिजाल खाइपाइ आएको सुविधाको अतिरिक्त २ महिनाको १० प्रतिशत
३. एम आइ एस अपरेटर महेश गैरे खाइपाइ आएको सुविधाको अतिरिक्त २ महिनाको १० प्रतिशत

## निर्णय नं. ६

सैनामैना रङ्गशालाको पानी निकाशको लागि बाँकी १८ मिटर नाली निर्माणको लागि रु १५०००० मर्मत सम्भार कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

सैनामैना नगरपालिकामा सूचिकृत हुन आएका नगर स्तरीय २३ जना र वडा स्तरीय ८७ गरी जम्मा ११० (महिला ४० र पुरुष ७०) जना मेलमिलापकर्ताको नामावली अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

सैनामैना नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण प्रारुप २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

खगेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०६/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. ९

सैनामैना नगरपालिका अन्तर्गतको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको स्थानीय निर्देशक समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

सैनामैना नगरपालिका वडा नं. ११ मा रहेको महेरवादेवी मन्दिर निर्माणको लागि मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट रु ३०००००। विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

स्थानीय भू उपयोग योजना निर्माणको लागि रु २००००००। सेवा र परामर्श शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

सैनामैना नगरपालिका वडा नं. ६ मलमला सडक मेघाताल मर्मत र दुधराक्ष गाउँ देखि स्कूल मार्ग मर्मतको लागि रु ८५०००। विपद व्यवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १३

प्रदेश सरकार सशर्त तर्फका कार्यक्रम अन्तर्गत तपसिलका योजनामा तपसिल बमोजिम बजेट विनियोजन भएकोमा रु ४०७५१९०। को लागत अनुमान स्वीकृत गरी ठेक्का लगाउँदा नपुग हुने रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने गरी योजना एकिकृत गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

१. बूढाथोकी राइस मिल देखि उत्तर चत्र्पथ जोड्ने अधुरो सडक निर्माण सैनामैना २- रु १०००००००

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०६/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

२. सुन्दर टोल जाने खोलामा कजवे निर्माण सैनामैना ३- रु १०००००० 
३. किचकिने खहरे खोला संरक्षण तथा रिटेनिङ्ग वाल निर्माण (मिना क्षेत्रीको घर अगाडि) सैनामैना २- रु १००००००

## निर्णय नं. १४

मलमला देवी मन्दिर जाने सडक मर्मतको लागि रु १०००००। मर्मत सम्भार कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

सैनामैना नगरपालिका अन्तर्गतको मर्मत सम्भार कोषबाट प्रत्येक वडामा रु ५००००। का दरले रु ५५५०००। वडा स्तरीय मर्मत सम्भारको लागि विनियोजन गर्ने र बाँकी थप रकम सम्बन्धित वडाले व्यवस्थापन गर्ने गरी वडा स्तरीय सडक मर्मत समितिबाट वडाका सडकहरु मर्मत गर्ने निर्णय गरियो ।

## निर्णय नं. १६

संघीय सरकार हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान अन्तर्गत प्राप्त रु ५५०००००। मा नगरपालिकाको समपुरक कोषबाट रु ३५००००० थप गरी रु ९००००००। बाट तपसिलका विद्यालय भवन पूर्वाधार योजना सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्रं.सं. | योजनाको नाम | स्थान | विनियोजित रु | कैफियत |
|---|---|---|---|---|
| १ | पश्चिम पर्रोहा मा.वि. विद्यालय भवन निर्माण | सैनामैना ५ | ४५००००० | |
| २ | मलमला देवी मा.वि. | सैनामैना ५ | १०००००० | |

लिलेन्द्र प्रसाद ... जीवन ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय भवन निर्माण | | | |
| ३ | दुर्गाभवानी मा.वि. विद्यालय भवन निर्माण | सैनामैना १ | १५००००० | |
| ४ | कोटियादेवी मा.वि. विद्यालय भवन निर्माण | सैनामैना ११ | १०००००० | |
| ५ | जनचेतना मा.वि. विद्यालय भवन निर्माण | सैनामैना ८ | १०००००० | |
| | जम्मा रु | | ९०००००० | |

## निर्णय नं. १७

संघीय सरकार हस्तान्तरित रु ४ करोड १९ लाखको लागत साझेदारी हुने गरी समपुरक अनुदान तर्फ ५०/५० लागतमा सिसौडाँडा देखि रन्यौरा हुँदै लेडुवा कुस्मा सडक कालोपत्रे योजनाको लागि चालु आ.व. मा रु ५५ लाख विनियोजन भएको र आगामी आ.व.को लागि रु १५४५००००। नगरपालिकाबाट बजेट सुनिश्चित गर्ने गरी बहुवर्षिय ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

## निर्णय नं. १८

रामापुर कलौनी लुम्बिनी सडकको कलौनी चोकमा हाइमास्क लाइट जडानको लागि मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट रु ७०००००। विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १९

घ वर्गको निर्माण व्यवसायी इजाजत जाँचबुझ समितिबाट सिफारिस भइ आएको जे पि बस्याल कन्स्ट्रक्शन एण्ड ट्रेड लिंक प्रा.लि. सैनामैना ७ रुपन्देहीलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०६/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. २०

छाडा चौपाया नियन्त्रणको लागि बाणगंगा नगरपालिका कपिलवस्तु सँग छलफल गर्ने र सोको व्यवस्थापनको लागि छाडा चौपाया नियन्त्रण शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २१

सैनामैना नगर कार्यपालिका कार्यालय भित्रबाट सेवा प्रवाह गर्ने गरी नगरपालिकाको प्रशासनिक भवनमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

## निर्णय नं. २२

साविकको दररेटमा नबढ्ने गरी वेव नेटवर्क प्रा.लि. तिलोत्तमा रुपन्देही सँगको यस अघिको सम्झौतालाई आ.व. २०८१/०८२ को लागि नवीकरण गरी सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

## निर्णय नं. २३

सैनामैना नगरपालिकाबाट प्रवाह गरेका सेवा प्रवाहको विषयमा समीक्षा गरियो र यस अघि नगरपालिकाबाट गरेका निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

## निर्णय नं. २४

सैनामैना नगरपालिका वडा नं. ११ बस्ने गोमा कुमारी गैरेको मृत्यू भएको र घरको आर्थिक अवस्था निकै कमजोर भएकोले दाह संस्कारको लागि रु १५००० र किरिया खर्चको लागि रु १५०००। गरी जम्मा रु ३००००। सामाजिक सहायता निजको परिवारलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०६/१४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. २५

सैनामैना नगरपालिका वडा नं. ११ बस्ने मिना अधिकारीले सूचक भइ मिति २०७३/१२/१८ मा सैनामैना नगरपालिका वडा नं. ११ मा दर्ता गराएको भविश्वर अधिकारीको नाति ज्ञानेश्वर अधिकारी तथा मिना अधिकारीको छोरा सुमन अधिकारीको व्यक्तिगत परिचयपत्र नं. २०५४०३०१००१५५ को जन्मदरतामा जन्म मितिमा ११ वर्ष फरक पारी झुटा विवरणा दिइ दर्ता गराएकोले उक्त जन्म दर्ता बदरको लागि स्थानीय अधिकारी एवं रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

सैनामैना नगरपालिकाको रोहमा हुने जुनसुकै मुद्दामा फिरादपत्र, प्रतिउत्तरपत्र, निवेदन र लिखित जवाफ तथा पूनरावेदन समेत गर्नको लागि नगर प्रमुख श्री फणेन्द्र प्रसाद शर्मालाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. २७

सैनामैना नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा तथा अमन चयन कायम गर्न र चाडबाडको समयमा घट्न सक्ने सम्भावित घटना समेतलाई मध्यनजर गरी नगरमा थप गस्ती बढाउनु पर्ने भएकोले सो विषयलाई मध्यनजर गरी ईलाका प्रहरी कार्यालय सालझण्डीलाई रु ५००००।, ईलाका प्रहरी कार्यालय रन्यौरालाई रु ५००००।र कलौनी प्रहरी बिटलाई रु १५०००। सम्मको इन्धन बार्षिक रुपमा हुने गरी उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २८

आ.व. २०८१/०८२ को क्र.सं. १३५ मा रहेको स्वीकृत उज्यालो नमूना गाउँ योजना अन्तर्गत हडैया गाउँ वडा नं. ४ लाई संशोधन गरी झारबैरा गाउँ वडा नं. ४ कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निरोज प्रभात

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner